# गैडहवा गाउँकार्यपालिकाको कार्यालय
## विष्णुपुरा, रुपन्देही

# हाटबजार बैठकी कर सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०७५/०३/१६ गते

यस गैडहवा गाउँकार्यपालिकाको कार्यालय, रुपन्देहीको क्षेत्रभित्र लाग्ने तपशिल बमोजिमका हाटबजारको आर्थिक वर्ष ०७५/०७६ का लागि तपशिल बमोजिमका शर्त र अधिनमा रही हाटबजार बैठकी कर असुल उपर गर्न ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले १५ (पन्ध्र) दिने शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

**तपशिल :**

१. दरभाउपत्र फारमको न्यूनतम कबोल रकम निम्नानुसार रहनेछ :

| | |
|---|---|
| क) बुधबारे साप्ताहिक सूर्यपुरा हाटबजार, गैडहवा-६, सूर्यपुरा, रुपन्देही | रु. ५,२०,०००।०० |
| ख) आइतबारे साप्ताहिक हाटबजार, गैडहवा-८, मैनहिया, रुपन्देही | रु. १,३५,०००।०० |
| ग) शुक्रबारे साप्ताहिक हाटबजार, गैडहवा-७, शान्तिबजार, रुपन्देही | रु. १,१५,५००।०० |
| घ) शुक्रबारे साप्ताहिक हाटबजार, गैडहवा-८, गौढीबजार ,रुपन्देही | रु.१०,२००।०० |
| ङ) आइतबारे साप्ताहिक हाटबजार, गैडहवा-३, गोबडौरी, रुपन्देही | रु. ६०,०००।०० |
| च) शुक्रबारे साप्ताहिक हाटबजार, गैडहवा-३, हात्तीबजार (समयमाई बजार),रुपन्देही | रु. २०,०००।०० |
| छ) झरबैरा साप्ताहिक हाटबजार, गैडहवा-१, झरबैरा(मोडवा) बजार ,रुपन्देही | रु. ३०,०००।०० |
| ज) सूर्यपुरा बजार साईकल र मोटरसाईकल स्टेण्ड | रु. ५०,०००।०० |

२. दरभाउपत्र फारम रु.५००।०० (पछि फिर्ता नहुने गरी) गाउँकार्यपालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयबाट खरिद गर्नुपर्नेछ।

३. प्रत्येक हाटबजारका लागि छुट्टाछुट्टै दरभाउपत्र फारम भर्नुपर्नेछ।

४. दरभाउपत्र फारम पेशगर्न नेपाली नागरिक भए ५% र गैह्र नेपाली नागरिक भए १०% रकम यस कार्यालयको कृषि विकास बैंक महिलवार, लुम्बिनीमा रहेको धरौटी खाता नं. ०४१४९०११५३७४७०४१ मा जम्मा गरेको सक्कल भौचर संलग्न हुनुपर्ने वा उल्लेखित रकम नगदै दरभाउपत्र साथ दाखिला भएको हुनु पर्नेछ।

५. दरभाउपत्र स्वीकृत भएको मितिले ७ (सात) दिनभित्रमा प्रथम किस्ता रकम जम्मा गरी इजाजत पत्र (पट्टा) उठाई सक्नुपर्नेछ। अन्यथा धरौटी जफत गरी दोस्रो दरभाउपत्र स्वीकृत गर्न सकिनेछ।

६. दरभाउपत्र फारममा कार्यालय प्रमुखको सही छाप नभएको मान्यता हुनेछैन्।

७. दरभाउ रकम बढीमा ३ किस्तामा बुझाउनु पर्नेछ। ठेक्काको कबोल अंकको ४० प्रतिशत रकम (धरौटी बाहेक) र अग्रिम आयकर वापतको रकम ठेक्का सम्झौताको बखत एकमुष्ट जम्मा गर्नुपर्नेछ। बाँकी ६० प्रतिशत रकम मध्ये ३० प्रतिशत रकम मिति २०७५ असोज मसान्तभित्र जम्मा गरी सक्नु पर्नेछ। बाँकी ३० प्रतिशत रकम मिति २०७५ माघ मसान्तभित्र जम्मा गरी सक्नुपर्नेछ।

८. दरभाउपत्र फारम मिति २०७५/०३/३१ गतेका दिन दिनको १२ : ०० बजे सम्ममा खरिद तथा दर्ता गराई सक्नुपर्नेछ। सोही दिनको १ : ०० बजे दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा वा उपस्थित भएका अन्य व्यक्तिहरुको रोहवरमा गैडहवा गा.पा.को कार्यालयमा दरभाउपत्र खोलिनेछ। उक्तदिन सार्वजनिक विदा पर्न गएमा भोलिपल्ट सोही समयमा दरभाउपत्र खोलिनेछ।

९. रित नपुगी आएको दरभाउपत्रलाई मान्यता दिईने छैन।

१०. हाटबजार बैठकी कर गाउँ कार्यपालिकाको कार्यालयको दररेट अनुसार हुनेछ।

११. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँकार्यपालिकाको कार्यालयमा निहित रहनेछ।

१२. वक्यौता रकम भएका दरभाउपत्र दाताहरुले दरभाउपत्र हाल्न पाइने छैन्।

१३. कबोल गरेको रकम शुरुमै बुझाई सम्झौता गर्नेलाई १०% छुट दिईनेछ।

१४. कुनै पनि प्रकारको वहानामा मिनाहा दावी गर्न पाईने छैन।

१५. बजार व्यवस्थापनका लागि साधारण मर्मत सम्भार सम्बन्धि कार्य दरभाउपत्र दाता स्वयंले गर्नुपर्नेछ।सोको खर्च दावीगर्न पाईनेछैन्।

१६. दरभाउ फारमका साथ नेपाली नागरिकको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी अनिवार्य हुनुपर्नेछ।

१७.आफूले कबोल गरेको ठेक्काअंक रकम प्रष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई आफै वा आफ्नो प्रतिनिधि द्धारा दरभाउपत्र दिनुपर्नेछ। र अंकमा ओभर राइटिङ वा केरमेट भएमा अक्षरलाई मान्यता दिईनेछ।

१८ .न्यूनतम ठेक्काअंकभन्दा घटी कबोल गरी टेण्डर पेश गरेमा सो टेण्डर माथि कुनै कारवाही हुने छैन्।

१९. ठेकेदार र यस गा.पा. बीच ठेक्का शर्तमा ठेक्का संचालन सम्बन्धि अन्य विषयमा कुनै विवाद उठेमा यस गा.पा.को गाउँ कार्यसमितिको निर्णय अन्तिम हुनेछ। यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन।

२०. ठेक्का सम्झौता गर्दा ६० प्रतिशत रकम बराबरको बैंक ग्यारेण्टी इजाजत प्राप्त बाणिज्य बैंकको २०७६ साल असार मसान्त सम्मको म्याद भएको (परफरमेन्स बण्ड) बैंक ग्यारेण्टी वा अचल सम्पत्ति धितो पेश गर्नुपर्नेछ।

२१.साईकल तथा मोटरसाईकल स्टेण्डको सम्पूर्ण जिम्मेवारी ठेकेदारको हुनेछ। साईकल वा मोटरसाईकल हराएमा ठेकेदार स्वंयम्ले क्षतिपूर्ति तिनुपर्नेछ।

२२. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम हुनेछ।

२३. ठेक्का बन्दोवस्तको अवधि २०७५ साल साउन १ गते देखि २०७६ असार मसान्तसम्मका लागि हुनेछ।

२४. अन्य थप जानकारीका लागि गैडहवा गा.पा.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

सम्पर्कका लागि : [illegible]